दलित
# निगरानी
१५ दिने

वर्ष १, अङ्क १०, २०६६ (16–30 Nov.) सहयोग रु. १०/-


## यस अङ्कमा

गतिविधि - २

विश्लेषण दलित सभासद्

दल मुख्य कि समुदाय ?

बाबुराम विश्वकर्मा - ३

दस्तावेज

दलित भातृ संस्थाका साझा कार्यक्रम - ४

टिप्पणी

समावेशीकरणको बाटोमा कांग्रेस

ओमप्रकाश भिके - ५

विश्लेषण

पीडकबाट क्षतिपूर्ति भराउनु उचित

सरोजदिलु विश्वकर्मा - ६

प्रश्नोत्तर

सदन र सडकबाट आन्दोलन हुन्छ

तिलक परियार - ७

सभासद् चिनारी

दलहरू झुट बोल्दा रहेछन् - ८


सम्पादकीय

## उल्टो हिंडेर गन्तब्यमा पुगिदैंन

*व्यवस्थापिका संसद अवरुद्ध भए पनि संविधानसभाका सातवटा समितिले विषयगत अवधारणाहरू बुझाइसकेका छन् । दलितको ती सबै समितिसँग सरोकार भएपनि मौलिक हकसँग भने अझ बढी सरोकार छ । संसारको संवैधानिक इतिहास तथा यसको विकासक्रमलाई हेर्दा राज्य र जनताबीचमा सधैं उत्पीडक र उत्पीडितको सम्वन्ध रहदैआएको छ । युरोपमा पुनर्जागरणको युग शुरू हुनअघिसम्म राज्य उत्पीडनकारी मानिन्थ्यो । जनताले राज्यलाई उत्पीडनकारी हुनबाट बन्देज लगाउनका लागि संविधानमा मौलिक हक तथा निर्देशक सिद्धान्तको व्यवस्था गरिएको हो । संविधानको मौलिक हकको आफ्नै महत्व हुन्छ । त्यसैले दलित समुदायले यसमा विशेष चासो देखाउनु आवश्यक छ ।*

*मौलिक हकमा व्यवस्था गरिएका प्रावधान लागू गराउन राज्यलाई वाध्यकारी बनाउन सकिन्छ भने निर्देशक सिद्धान्तमा उल्लेख भएका कुराको हकमा यस्तो हुँदैन । त्यसलै निर्देशक सिद्धान्तलाई राज्यको देखाउने दाँत मात्र भन्ने गरिन्छ । नेपालका राजनीतिक दलहरू लेख्ने कुरामा कन्जुस कहिल्यै देखिएका छैनन, तर त्यसको कार्यान्वयनमा तिनको गम्भीर उदासिनता देखिने गरेको छ । जनतालाई फकाउन मौलिक हकमा लोकप्रिय व्यवस्था गर्ने तर कार्यान्वयन नगर्ने प्रवृतिको शिकार नेपाल धेरै पहिलादेखि नै हुँदै आएको छ । लागू गर्न नचाहने हो भने त्यसलाई कानून बनाएर लागू गरिने छ भन्ने प्रावधान राखिँदो रहेछ । यस विषयमा हाम्रा कानूनका निर्माता, दलित सभासद तथा उनीहरु प्रति सहानुभुति राख्ने सबै चनाखो हुनु पर्दछ ।*

*मौलिक हकको उद्देश्य जनता र राज्यबीच अधिकारको बाँडफाँड भएता पनि कमजोर तथा सीमान्तकृत समुदायको रक्षा तथा हित पनि यसबाट सुनिश्चित हुनुपर्दछ । यो मामिलामा अहिले प्रस्तुत अवधारणामा दलितको हितमा छ कि छैन भनेर हेर्नु नित्तान्त जरुरी छ । मौलिक हकभित्र छुवाछुत विरुद्धको हकको व्यवस्था गरिएको छ, त्यस्तै पहिले सार्वजनिक स्थलमा छुवाछुतको व्यवहार गर्न नपाइने व्यवस्था थियो भने मौलिक हम सम्बन्धी मस्यौदामा कुनै पनि स्थलमा छुवाछूत गर्न नपाइने व्यवस्था थपिएको छ । त्यस्तै क्षतिपूर्तिको हकको सन्दर्भमा कानूनद्धारा व्यवस्था गरिने भन्ने प्रावधान राखिएको छ । दलितहरुको पेशा संरक्षण र त्यसमा अग्राधिकार दिने सन्दर्भमा निकै वहस भएको र अग्राधिकारको प्रावधान राख्दा पेशा छोड्न चाहने दलितलाई असर पर्ने हुँदा दलितलाई प्राथमिकता दिने भन्ने प्रावधान राखिएको छ ।*

*संवैधानिक कानून विज्ञ टेक ताम्राकार मौलिक हकको अवधारणा दलितका लागि अन्तरिम संविधान जति पनि प्रगतिशिल नभएको तर्क गर्छन् । मौलिक हकले सीमान्तकृतको संरक्षण र सम्वर्धनको प्रावधान राख्दा त्यसको मुख्य आधार ऐतिहासिक दमन तथा उत्पीडन हुने गर्दछ तर मौलिक हकको प्रतिवेदनमा दलित, महिला, किसान मजदुर एकै खाले समुदायको रुपमा उल्लेख गरिएको छ जुन संवैधानिक कानूनको सिद्धान्त अनुसार गलत हुन्छ भन्ने एकथरिको कथन छ । किसान मजदुरहरु ऐतिहासिक रुपमा उत्पीडनमा पारिएका समुदाय होइनन, त्यसैले उनीहरुको स्तर दलितको जस्तो छैन । छुवाछुत विरुद्धको हकको व्यवस्था गरिएता पनि छुवाछुत गर्नेलाई के गर्ने भन्ने विषयमा पनि अवधारणा मौन देखिन्छ । यस्तो अवस्थामा उक्त अवधारणालाई अन्तरिम संविधान भन्दा पनि फितलो मान्नुपर्ने हुन्छ ।*

*सामाजिक न्याय अन्तर्गत राज्यका सबै अंगमा दलितलाई सहभागी गराउने भन्ने मात्रै उल्लेख गरिएको छ, तर अब त्यति भनेर पुग्ने अवस्था छैन । किनभने सभागिताले मात्रै अर्थपूर्ण प्रतिनिधित्वको आवश्यकता पुरा गर्न सक्दैन । नयाँ राज्यमा दलितको प्रतिनिधित्व त केवल राज्यको अंगमा होइन नीजि क्षेत्रमा पनि हुन जरुरी छ, भारतमा संविधानको पछिल्लो संसोधनमा सो प्रावधान समावेश गरिसकिएकोले त्यसबाट नेपालले सिक्न सक्छ । दलितको अधिकारको सवाललाई छुवाछुतको उन्मूलनमा मात्र सीमित कदापी गरिनु हुन्न, आरक्षण यतिबेलाको प्रमुख माग भएकाले त्यसलाई मौलिक हकले सम्बोधन गर्नु पर्दछ । दलित समुदायले मर्यादापूर्वक बाँच्न पाउने अधिकारको पनि मौलिक हकमा स्पष्ट उल्लेख गरिएको छैन । अन्तरिम संविधानले हलिया, खलिया, वधुँवा लगायतका दास प्रथाका अवशेषलाई बन्देज लगाउन खोजेकोमा यो अवधारणाले ती कुरा बिर्सेको छ । अवधारणामा अधिकार मात्रै नभइ कर्तब्यको प्रावधान पनि राखिएको छ तर त्यसको वास्तविक मर्म के हो प्रष्ट छैन । समाज र व्यक्तिलाई उत्तरदायी बनाउन कर्तब्यको अवधारणा ल्याइएको हो भने त्यसमा दलितप्रति समाजको कर्तब्य के हुने भन्ने कुरा समेटिनु पर्दछ, किनकि दलितमाथि समाजको एउटा ठूलो हिस्साले छुवाछूत गरिरहेको छ, सताइ रहेको छ । दलितले भोग्नु परेको चर्को समस्या आर्थिक अभाव पनि हो, उनीहरुको आर्थिक अधिकार अवधारणामा स्पष्ट उल्लेख हुनु जरुरी छ, यदि दक्षिण अफ्रिकाको संविधानले उत्पीडनमा पारिएका काला जातिको लागि आर्थिक अधिकारको व्यवस्था गर्न सक्छ भने दलितका नेपालको संविधानले त्यस्तो व्यवस्था किन गर्न सक्दैन ?*

सल्लाहकार

राजकुमार त्रिखत्री

गणेश विके देउल्याल

डा.द्रोणप्रकाश रसाली (क्यानडा)

कृष्ण सोव (अमेरिका)

रुपेश सिलवाल (बेलायत)

धनकुमारी सुनार

प्रधान सम्पादक

हीरा विश्वकर्मा

विशेष संवाददाता

गोपाल बराइली

व्यवस्थापन

अनन्त यात्री विक

उमेश राना

लालबाबु महरा

प्रकाशक

राष्ट्रिय दलित नेटवर्क र

दलित अध्ययन तथा विकास केन्द्र

अनामनगर, काठमाडौं ।

फोन–०१–६९११६७३

नेपाल दलित इन्फोको सहभागितामा

Email: dalitnigarani@gmail.com

web: www.nepaldalitinfo.20m.com

www.pustakalaya.org

**अन्त्य गरौं जातीय छुवाछूत, भेदभाव र अपमान**

**निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान**

# दलितले ज्ञापनपत्र वुझाए



महोत्तरी । जिल्लाका ३५ गाविसबाट आएका दलित र महिलाहरुको जुलुसले सहायक प्रमुख जिल्ला अधिकारीलाई २५ वुँदे ज्ञापनपत्र बुझाएका छन् । जलेश्वर नगरपालिकाको नगर परिक्रमापछि सहायक प्रमुख जिल्ला अधिकारी वासुदेव कोइरालालाई दलितका सरोकार तथा मागहरुलाई आगामी संविधानले समेट्नु पर्ने माग राख्दै ज्ञापन पत्र वुझाएका हुन् । नुप महोत्तरीका अध्यक्ष जितेन्द्र पासवानले हस्तान्तरण गरेको सो ज्ञापनपत्र वुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी कोईरालाले संविधान सभाध्यक्ष सुभाषचन्द्र नेम्वाङ र संवैधानिक समितिका सभापति नीलाम्वर आचार्यको ध्यानाकर्षण गराउने प्रतिवद्धता जनाएका थिए ।

मंसिर ११, १२ मा दलित प्रतिनिधिहरूको माझमा संघीयतामा दलित विषयक अन्तरक्रिया कार्यक्रम पनि गरिएको थियो । नेपाल रेडक्रस सोसाईटीको सभाकक्षमा भएको सो कार्यक्रममा आठजना दलितका विशेषज्ञहरु मिलेर तयार पारिएको 'संघीयतामा दलित' विषयक आधार पत्र हीरा विश्वकर्माले प्रस्तुत गरेका थिए । सो अवधारणामाथी सहभागीहरुले आ आफ्ना धारणा राखेका थिए । अवधारणा पत्र प्रस्तुत गर्दै उनले संघीयता भनेको घरको दाजुभाईबीचमा अंशवण्डा लगाउनु जस्तै भएको बताए । उनल सवै दलितहरू चनाखो भएर आ-आफ्नो हिस्सा सुनिश्चित गर्न लाग्नु पर्ने पनि बताए ।

तर कार्यक्रममा उपस्थित करिब ८० जना सहभागीहरुले पुरै देश संघीयतामय भइसक्दा पनि खास धेरै चासो र चिन्ता देखाउन सकेनन् । वरु जिल्लाका दलित नेतासमेतले दलित दलितबीचको भेदभाव हट्नु पर्ने, आरक्षणको व्यवस्था लागु हुनु पर्ने जस्ता कुरा उठाएका थिए । कार्यक्रममा संघीयता के हो र दलितका लागि के हुनु पर्छ भन्ने विषयमा त्यति धेरै चर्चा र वहस हुन सकेन । संघीयताका बारेमा स्पष्ट हुन नसके पनि दलितका सवालमा भने उनीहरु एकमत भएका थिए ।

सो कार्यक्रमको अध्यक्षता नुपका अध्यक्ष जितेन्द्र पासवानले गरेका थिए । कार्यक्रममा फेडेरेशन्स अफ फोरमले तयार पारेको संघीयता सम्बन्धि वृत्त चित्र पनि देखाईएको थियो ।

# 'समानुपातिक निर्वाचन उपयुक्त'

राज्यको शासनमा दलितको उचित प्रतिनिधित्वको लागि समानुपातिक निर्वाचन प्रणाली हुनुपर्ने धारणा अघि सारिएको छ । नेपाल र भारतमा निर्वाचन प्रणाली सुधार अभियानका सहभागी तथा बिज्ञहरुले सो धारणा राखेका हुन् । अभियानद्धारा मंसिर ६ देखि ८ सम्म राजधानीमा भएको सम्मेलनमा यस्तो धारणा राखिएको हो । उनीहरुले प्रत्यक्ष निर्वाचन प्रणाली दलित, मधेशी, जनजाति र महिलाको हितमा नभएको बताए ।

सम्मेलनमा बोल्दै संसदीय व्यवस्था तथा संस्कृति मन्त्री डा. मिनेन्द्र रिजालले पूर्ण र प्रत्यक्ष निर्वाचन प्रणाली बीचमा सन्तुलन हुनुपर्नेमा जोड दिए । संबिधान मस्यौदा समितिका अध्यक्ष निलाम्वर आचार्यले सहभागितामूलक प्रजातन्त्रको लागि समानुपातिक निर्वाचन प्रणाली उपयुक्त भएको धारणा राखे । मुख्य निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले बहुजाति र बहुसंस्कृति भएको कुनै पनि देशमा समानुपातिक निर्वाचन प्रणाली उपयुक्त हुने सुझाव राखे । सम्मेलनमा सहभागी एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी, नेकपा एमाले, नेपाली कांग्रेसका नेताहरूले नेपालको स्थायी निर्वाचन प्रणालीको रूपमा समानुपातिक निर्वाचन प्रणाली लिन आवश्यक भएको बताए ।

न्युजिल्याण्ड, नर्वे, जर्मनी, पाकिस्तान, भारत र नेपालबाट सम्मेलनमा सहभागी भएकाहरूले संविधान मस्यौदा समितिलाई नेपालले समानुपातिक प्रतिनिधित्व प्रणालीलाई अवलम्बन गर्न सुझाव दिएका थिए । उनीहरुले अहिलेको निर्वाचन प्रणालीबाट आदिवासी, जनजाति तथा सीमान्तकृत समुदाय सन्तुष्ट नभएकोले नेपालको आगामी संविधानमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्नु आवश्यक रहेको धारणा राखेका थिए ।

## पाठक प्रतिक्रिया

### सुधारका लागि चार बुँदा

*दलित निगरानी*को म नियमित पाठक हुँ । यसका अहिलेसम्मका अकंहरु उत्कृष्ट छन् । त्यसकारण यो पत्रिकाका प्रकाशकहरु प्रशंसाका पात्र हुनुहुन्छ । पत्रिकाले दलित समुदायलाई समसामयिक विषयका बारेमा सुसूचित हुने अवसर प्रदान गरेको छ । संविधान निर्माणका विषयमा छापिएका विषयवस्तुहरू त झन् पठनीय छन् । पत्रिकाका धेरै पक्षहरु सकारात्मक र सृजनशील हुदाँहुदै पनि निम्न कुराहरु समावेश गर्न सकेको खण्डमा पत्रिका अझ स्तरीय हुन्थ्यो ।

१) दलित सम्बन्धी कुना कन्दरका घटनाहरुको खोजी गरी स्थान दिनु उचित हुन्छ ।
२) साहित्यिक विषयहरू समावेश गर्दा अझ राम्रो हुन्थ्यो ।
३) विश्लेशणात्मक लेख रचनाहरू समावेश गर्दा घटना र प्रवृत्ति बुझ्न सहयोग पुग्ने थियो ।
४) दलित आन्दोलनका अगुवाको चिनारी तथा योगदान पनि समावेश गर्दा अझ वेश हुने थियो ।

■ कृष्ण विश्वकर्मा
पौदीअमराई–१, गुल्मी ।

### दलित महिलाका सवाल पनि समेटियोस्

*दलित* निगरानी अङ्क २ देखि ८ सम्म निरन्तर पढ्ने मौका पाएँ । म दलित संम्बन्धी पत्रिकाहरू खोजीखोजी पढ्ने गर्दछु । अहिलेसम्मका दलित सम्बन्धी पत्रिकाहरुमा अलि छरिएका सामाग्री हुने गर्छन् तर यो दलितका विषयहरु बढी केन्द्रीत भएर आउने गरेका छन्, जुन प्रशंसनीय छन । यसले निरन्तरता पाओस् भन्ने कामना पनि गर्दछु । यसलाई अझै राम्रो बनाउन गाँउ वस्तीका अथवा मोफसलका दलित आन्दोलनकर्मीहरुको व्यक्तित्व परिचय समेटे हुने थियो । तुलनात्मक रूपमा दलित महिलाका सवाल अझै बढी उठ्दा राम्रो हुने थियो कि ?

■ कल्पना विश्वकर्मा
रेडियो रेसु[illegible]ा, तम्घास (गुल्मी)
दलित र महिला आवाज कार्यक्रम प्रस्तोता



# दल मुख्य कि समुदाय ?



■ बाबुराम विश्वकर्मा

**निजी लाभ-हानीलाई छाडेर दलितको हितलाई मुख्य र बाँकी चिजलाई गौण नबनाई अन्योलबाट उन्मुक्ति मिल्दैन । दलीय, संस्थागत र व्यक्तिको स्वार्थभन्दा दलित समुदायले छुवाछूतको जन्जिरबाट मुक्ति पाइ समृद्ध जीवन पाउनु मुख्य कुरा हो भन्ने नठानी दलित आन्दोलन राष्ट्रिय आन्दोलनको रूपमा अघि बढ्ने सक्ने आधार देखापरेको छैन् ।**

संविधानसभाका ५० जना दलित सभासद दलित समुदायका प्रतिनिधि हुन् कि राजनीतिक दलका प्रतिनिधि हुन् भन्ने जिज्ञासाको जवाफ फेलापार्न कठिन छ। किनभने दलित र राजनीतिक दलको सम्बन्ध हेर्दा राजनीतिक दलहरूले दलितलाई मजबुत बनाउने भन्दा विभाजन र कमजोर बनाउने भूमिका खेलेका छन्। समस्या र कमजोरी भेटिएपछि त्यही ठाउँमा राजनीतिक हुने गर्छ। दलित समस्याको सन्दर्भमा यही कुरा लागू भइरहेको छ। प्रमुख राजनीतिक दलले दलित समस्या समाधान गर्नेतिर भन्दा दलितका नाममा राजनीति गरिरहेका छन्। दलितमाथिको राजनीति २०४६ पछि शुरु भएपनि अहिलेसम्म आइपुग्दा यो जटिल बनिसकेको छ। तर राजनीति दलबाट दलित समुदायलाई होइन राजनीतिक दललाई बढी र तिनका दलित कार्यकर्तालाई कम मुनाफा भएको छ। राजनीतिबाट सर्वसाधारण दलितलाई चाहिँ लाभ भएको छैन।

दलित समुदायको उत्थान र मुक्तिका लागि राजनीतिक दल, दलित संघसंस्था, अन्तराष्ट्रिय समुदाय र व्यक्ति विशेषका थरीथरीका धारणाले सर्वसाधारण दलितलाई कुन बाटोबाट अघि बढ्दा आफ्नो मुक्ति हुन्छ भन्ने ठम्याउन कठिन परेको देखिन्छ। राजनीतिक दलहरूका दलितमुक्तिबारे समान दृष्टिकोण छैनन्। त्यसो त दलित समुदायका अगुवाहरु बीचमा पनि दलितमुक्तिका बारेमा साझा धारणा बन्न बाँकी छ। द्विविधा र अन्योलको बीचबाटै दलित समुदायको मुक्तिको अभियान अघि बढ्दैछ। अध्याँरोमा ढुंगा हान्दा ताकेको विन्दुमा लाग्छ कि लाग्दैन भन्ने कुनै निश्चित हुँदैनन्। गन्तव्य स्पष्ट नभएकै कारण केही प्राविधिक उपलब्धिलाई छाडेर दलितमाथि हुने जातीय भेदभाव ५० वर्ष अघिकै अनुपातमा समाजमा व्याप्त छ। दलितले अछुतको परिचयबाट मुक्ति पाइरहेका छैनन्। आजको दलित आन्दोलनको स्थिति पनि गन्तव्य स्पष्ट नभएको यात्रुको जस्तो भएको छ। लक्ष्य र गन्तव्य किटान नगरी हिँड्दा कहीं पुगिदैन। त्यसबाट पुस्तौ पुस्ताको समय, लगानी र मेहनत खेर जाने मात्रै हो।

राजनीतिक दलका नेता र दलित भातृ संगठनमा आवद्ध पार्टीका कार्यकर्ताको भनाइ सुन्दा राजनीतिक दल नै दलित मुक्तिका बाहक हुन् भन्ने लाग्छ। राजनीतिक दलको पछि लागेर होइन, दलितहरू एकतावद्ध भएर सामुदायिक आन्दोलन नगरी दलितको वास्तविक मुक्ति सम्भव छैन भन्ने अर्कोथरीको आँकलन छ। दातृ संस्थाको अनुदानमा सञ्चालन भएका गैरसरकारी संस्थाले पनि आफूलाई नै दलित आन्दोलनका बाहक ठान्ने गरेका छन्। यी मध्ये को चाहिँ दलित समुदायको सच्चा सारथी हो भन्ने स्पष्ट भएको छैन।

**भनिने र देखिने कुरा फरक हुन्छन् भन्ने कुरालाई सत्य मान्दा दलित सभासदहरू अहिलेसम्म दलितका भन्दा राजनीतिक दलका प्रतिनिधि भइरहेका छन् । तथापि तिनले बुझेका दलितसम्बन्धी समस्याहरू समान छन् ।**

पार्टी हित प्रमुख र दलित हित गौण ठानिरहेका राजनीतिक दलका दलित सभासद्ले आफू दलित समुदायको पनि प्रतिनिधि हुँ भन्ने गरेका छन्। भनिने र देखिने कुरा फरक हुन्छन् भन्ने कुरालाई सत्य मान्दा दलित सभासदहरू अहिलेसम्म दलितका भन्दा राजनीतिक दलका प्रतिनिधि भइरहेका छन्। तथापि तिनले बुझेका दलितसम्बन्धी समस्याहरू समान छन्। शब्द/भाषा फरक भए पनि दलित सभासदहरूलाई दलित समुदायले भागेका समस्या के हुन् र तिनको समाधान कसरी हुन्छ भन्ने सूत्र पनि थाहा छ। तर, उनीहरू दलित समस्याका निम्ति अग्रसर हुन आफ्नो दलको इसारा पर्खिरहेका जस्ता देखिन्छन्। यस्तै अवस्थामा पनि मंसिरको पहिलो साता दलित सभासद मञ्चले साझा कार्यक्रममा सहमति गरेर अघि बढ्ने प्रतिवद्धता जनाएको छ, यो केहिहदसम्म सकारात्मक कुरा हो। तर दलीय दलदलबाट मुक्त भएर नयाँ संविधानमा आफूले सहमति जाहेर गरेका मुद्दाहरू समावेश गराउन दलित सभासदले कति मेहनत र समय लगाउँछन् भन्ने कुराले अहिलेको प्रयासको प्रतिफल देखिन्छ।

मञ्चको साझा कार्यक्रममा राज्यका प्राय: सबै निकायमा दलित समुदायको २० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै अर्ध-न्यायिक अधिकारसहितको अधिकार सम्पन्न सवैधानिक दलित अधिकार आयोगको व्यवस्था गर्न तथा सबै प्रदेशमा आयोगको शाखा विस्तार गर्नका निम्ति सामुहिक रूपमा अग्रसर हुन दलित सभासद सहमत भएका छन्। संविधानमा दलितका निम्ति भएका व्यवस्था प्रदेशहरुले कटौती गर्न नपाइने व्यवस्था गर्न पहल गर्ने, दलित समुदायले प्राप्त गर्ने सबै खाले प्रतिनिधित्वमा दलित महिला, खस पर्वते दलित, मधेशी दलित र नेवार दलितले समानुपातिक ढंगले हिस्सेदारी पाउने व्यवस्था गर्न लागिपर्ने पनि मञ्चको साझा कार्यक्रममा उल्लेख छ। यसबाहेक आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा दलित समुदायको पहँच स्थापना गर्न, गैरसरकारी क्षेत्रका रोजगारीमा पनि २० प्रतिशत दलित उपस्थिति सुनिश्चित गराउन, दलितका पेशा आधुनिकीकरण, शिक्षामा दलितको पहुँच स्थापित गर्ने आदि जस्ता विषयमा दलित सभासद एकमत हुनु सकारात्मक पक्ष हो।

आरक्षण, विशेष अधिकार वा प्रगतिशील आरक्षण जस्ता शब्द प्रयोग नै नगरी पनि दलितका साझा सवालमा सबै पार्टीका दलित सभासद साझा विन्दुमा पुग्नुले निश्चय नै सकारात्मक संकेत गरेको छ। तर, दलीय स्वार्थभन्दा माथि उठेर साझा कार्यक्रम प्राप्तिका लागि क्रियाशील हुनु दलित सभासदका लागि चुनौतीपूर्ण छ। यो जोखिम पार गरी साझा कार्यक्रममा उल्लेख गरिएका सवालमा राजनीतिक दललाई सहमत गराएर नयाँ संविधानमा समावेश गर्न सकेको खण्डमा दलित सभासद स्यावासीका पात्र बन्नेछन्। अन्यथा दलित सभासद दलित समुदायका कि राजनीतिक दलका भन्ने प्रश्न अनुत्तरित नै रहनेछ।

# दलित भातृ संस्थाका साझा कार्यक्रम

**राजनीतिक दलित संघ/संगठनले भावी संविधानमा समेटिनु पर्ने २० बुँदे साझा सहमति सार्वजनिक गरेका छन् । मंसिरको पहिलो साता राजधानीमा पत्रकार सम्मेलन गरी सो सहमति सार्वजनिक गरिएको हो । दलित भातृ संस्थाहरुले दलितहरुका मुद्दा संविधानमा समावेश गराउन सडक र सदनबाट संघर्ष गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । सहमतिमा हस्ताक्षेर गर्नेहरूमा एनेकपा माओवादीनिकट नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा (एकीकृत), नेपाली कांग्रेससँग सम्बन्धित नेपाल दलित संघ, नेकपा एमाले निकट नेपाल उत्पीडित जातीय मुक्ति समाज, सद्भावना आनन्दीदेवीको नेपाल सद्भावना दलित मंच, राष्ट्रिय जनमोर्चाको जातीय मुक्ति समाज, नेकपा एकीकृतको उत्पीडित जातीय उत्थान संघ (एकीकृत), नेपाल कम्युनिष्ट पार्टी संयुक्तको नेपाल राष्ट्रिय दलित केन्द्र रहेका छन् । ती संस्थाबीचको २० बुँदे साझा सहमति जस्ताको तस्तै ।**

१. आगामी नयाँ संविधानमा मौलिक अधिकारको दलित समुदायको हक अन्तर्गत राज्यसत्ताको सम्पूर्ण अङ्ग, निकाय र क्षेत्रहरुमा दलित समुदायमाथि राज्यले जात-पात, छुवाछूत र राज्यका सम्पूर्ण निकाय तथा क्षेत्रबाट पूर्ण रुपमा बञ्चित गरि उत्पीडिन गरेको हुनाले दलित समुदायको समानुपातिक प्रतिनिधत्वि र दश प्रतिशत क्षतिपूर्तिको थप अधिकारको व्यवस्था हुनु पर्छ ।

२. नेपालको अन्तरिम संबिधान, २०६३ लाई तत्काल संशोधन गरी राज्यका सम्पूर्ण संयन्त्रहरुमा दलित समुदायलाई हाललाई २३ प्रतिशत सहभागितको सुनिश्चत गर्ने तथा संबिधानको धारा १४ मा संशोधन गरी जात/पात र भेदभावलाई राज्य तथा मानवताबिरूद्धको जघन्य सामाजिक अपराधको रुपमा उल्लेख गर्नका लागि पहल गर्ने ।

३. वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गरी भूमिहीन,सुकुम्वासी तथा गरिव दलितहरूलाई प्राथमिकताका आधारमा जमिनमाथि न्यायोचित स्वामित्व सुनिश्चत गर्ने। दलित समुदायमाथि जवरजस्ती लादिएको हलिया, वालीघरे, डोली प्रथा, सिनो फयाँक्ने, बोक्सी प्रथा, वाजा बजाउने, सेडेनी, हरूवा, चरूवालगायतका सम्पूर्ण कुप्रथाको अन्त्य गर्ने।

४. दलित समुदायको परम्परागत पेशागत व्यसायमा आधुनिकीकरण गरी ती पेशाहरूमा दलितहरूको अग्राधिकार सुनिश्चत गर्दै सम्बन्धित पेशाका विशेषज्ञहरूलाई दक्षताको प्रमाणपत्र दिएर उचित रोजगारीको व्यवस्था गर्ने । साथै दलित समुदायका सीप, कला र पेशाको संरक्षण एवं विकासका निम्ति राष्ट्रिय दलित प्रतिष्ठान र संग्रालयको स्थापना गर्ने ।

५. शिक्षा क्षेत्रमा दलित बिद्यार्थीलाई उच्चशिक्षा (निजी र सरकारी) सम्म छात्रबृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गर्ने, सबै प्राविधिक शिक्षालयहरूमा र सबै छात्रावासहरूमा दलित बिद्यार्थीलाई २३ प्रतिशत सिट सुरक्षित गर्ने, संस्कृत बिश्वबिद्यालयमा दलितको पहुँच सुनिश्चत गर्ने, सबै तहका शैक्षिक पाठ्यक्रममा जात-पात, छुवाछूत र सामाजिक बिभेदको अन्त्य गर्ने सम्बन्धी विषय अनिवार्य समावेश गर्ने र राज्यले हाललाई कम्तीमा एक बिद्यालय एक दलित शिक्षक अनिवार्य नियुक्ति गर्ने र दलित महिलालाई प्राथमिकताका साथ नियुक्ति हुने व्यवस्थाका लागि नीतिगत पहल गर्ने ।

६. राष्ट्रिय दलित आयोगलाई अधिकार सम्पन्न संवैधानिक आयोगको रूपमा व्यवस्था गर्ने । जातपात-छुवाछूत बिरुद्धको बिधेयक र राष्ट्रिय दलित आयोग सम्बन्धी बिधेयक तत्काल ल्याउन दबाब गर्ने ।

७. राज्यद्धारा समग्र महिलाका लागि सुनिश्चत गरिएको सम्पूर्ण अधिकारमा र दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा दलित महिलालाई समानुपातिक अधिकारको सुनिश्चत गर्ने । साथै दलित महिलाहरुका लागि उच्च तथा प्राविधिक शिक्षा, रोजगारी एवं दक्ष जनशक्ति निर्माणका लागि विशेष व्यवस्था गर्न पहल गर्ने ।

८. संविधानको मौलिक हक अन्तर्गत आसन,रासन शासनमा दलित समुदायको पहुँचलाई सुनिश्चत गर्ने । साथै दलित समुदाय अन्तर्गत गरिबीको रेखामुनि रहेका परिवार र ब्यक्तिलाई सुबिधा कार्ड'को व्यवस्था गरी यातयात, शिक्षा, खाद्यान्न आदि क्षेत्रमा विशेष छुटको ब्यवस्था गर्न पहल गर्ने ।

९. दलित समुदायलाई स्वास्थ्य क्षेत्रमा पूर्ण निःशुल्क उपचारको अनिवार्य व्यवस्था गर्नुका साथै गर्भावस्थाको दलित महिलालाई उचित भत्ता सहितको अन्य प्रवन्धका लागि नीतिगत व्यवस्था लागू गर्न पहल गर्ने ।

१०.राज्यले केन्द्रदेखि स्थानीय स्तरसम्मका सबै निकायहरुमा बजेट तर्जुमा गर्दा कुल बजेटको २३ प्रतिशत रकम दलित समुदलाई अनिवार्य छुट्टाउने नीति तय गर्न जोड दिने साथै उद्योगधन्दा, कृषि र व्यवसाय गर्न चाहने दलितलाई बिनाधितो, सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने र आवश्यक अनुदानको व्यवस्था गर्ने । उक्त नीति कार्यान्वयन गर्नका लागि हालको उपेक्षित,उत्पीडित र दलितवर्ग उत्थान विकास समितिलाई नाम परिवर्तन गरी अधिकार सम्पन्न'दलित विकास परिषद् गठन गर्न जोड गर्ने ।

११. सबै राजनीतिक पार्टीका बिधानमा जातपात-छुवाछूत र सामाजिक बिभेदलाई राज्य तथा मानवता बिरुद्धको जघन्य सामाजिक अपराध ठहर गर्नुपर्ने साथै समानुपातिक र समावेशी सिद्धान्तको आधारमा दलितको सहभागिता सुनिश्चत गर्न जोड गर्ने । त्यसो नगर्ने राजनीतिक पार्टीलाई निर्वाचन आयोगमा दर्ता नहुने संबैधानिक व्यवस्था गर्न पहल गर्ने ।

१२. बादी समुदायभित्रका ब्यक्तिहरू माथि लादिएको परम्परागत अमार्यादित पेशालाई पूर्ण अन्त्य गरी उचित विकल्पको ग्यारेन्टी गर्ने । साथै नेपाल सरकार र राष्ट्रिय वादी संघर्ष समितिवीच भएको सम्झौता गर्न पहल गर्ने ।

१३. मधेशी दलित समुदायमाथि हुने सबैखाले ज्यादतीको अन्त्य गर्ने । राज्यद्धारा मधेशी समुदायले प्राप्त गरेका सम्पूर्ण अधिकारमा मधेशी दलितको समानुपातिक सहभागिता सुनिश्चत गर्न पहल गर्ने ।

१४.राज्यका सुरक्षा सेवा, निजामती( राजस्व,शिक्षा,स्वास्थ्य,परराष्ट्र,वन, न्याय, कानुन आदि)सेवाको सबै तहका नयाँ भर्ना र वढुवा गर्दा समग्रमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चतताको ग्यारेन्टी गर्ने । त्यसै गरी राज्यले सरकारी तथा निजी आमसञ्चार क्षेत्रमा दलित सम्बन्धी कार्यक्रम र दलित जनशक्तिको प्रतिनिधित्व २३ प्रतिशत अनिवार्य नीति तर्जुमा गर्न पहल गर्ने ।

१५.सफाई मजदुरलाई आधुनिक उपकरणको उपलब्धता सहित वैतनिक कर्मचारीको रूपमा मान्यता दिनुका साथै यो पेशा गर्न चाहने मजदुरहरुलाई राज्यले प्रोत्साहन गर्ने नीति लागू गराउन जोड दिने ।

१६. दलित अधिकार सुनिश्चतताको लागि एक'दलित विकास तथा सामाजिक न्याय मन्त्रालय'को व्यवस्था गर्न पहल गर्ने र सबै तहका अदालतहरुमा दलित बिशेष इजलास,सम्पूर्ण प्रहरी इकाइहरुमा दलित सेल, सबै स्थानीय निकायहरुमा छुवाछूत अपराध निगरानी केन्द्र,राज्यका तलदेखि माथिसम्मका सबै निकायहरुमा आवश्यकता अनुसार दलित बिषय हेर्ने छुट्टै विभाग गठन गर्न जोड दिने ।

१७. दलित समुदायमाथि राज्यल जातपात छुवाछूत र राज्यसंयन्त्रका सम्पूर्ण निकाय तथा क्षेत्रबाट पूर्ण रूपमा बञ्चित गरी उत्पीडित गरेको हुनाले दलित समुदायको समानुपातिक प्रतिनिधित्वमा उत्पडिनको क्षतिपूर्ति वापत दश प्रतिशत थप गरी प्रतिनिधित्व सुनिश्चत हुने निर्वाचन प्रणालीको अवलम्वन गर्न जोड दिने ।

१८. राज्यले अर्ध– सरकारी, निजी प्रतिष्ठान,वित्तीय संस्था, वैदेशिक रोजगार र गैरसकारी क्षेत्रका सबै निकायहरुमा दलितहरुको समानुपातिक प्रतिनिधित्वमा थप अधिकार सहित सुनिश्चित गर्ने ।

१९. दलित जनसंख्याको वैज्ञानिक तथ्याङ्क निर्धारणका लागि बिशेष दलित जनगणना आयोग गठन गरी विवादमा रहेका दलित समुदायभित्रका जातिको पहिचान र दतिलहरुको राजनीतिक,आर्थिक, सामाजिक-सांस्कृतिक हैसियतको आधारमा वर्गीकरण एवं सूचीकरण गर्नका लागि दबाब दिने ।

२०.नेपाल सरकारद्धारा हालसम्म दलितसम्बन्धी भएका घोषणा,प्रतिवद्धता र बिद्यमान ऐन कानुनहरुको प्रभावकारी कार्यान्वयन र नयाँ कानुन बनाउन पहल गर्न गराउन राजनीतिक दलित संघ/संगठनहरुको सहभागितामा एक उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति निर्माण गर्न पहल गर्ने ।

# समावेशीकरणको बाटोमा कांग्रेस



■ ओमप्रकाश बिके

**मुलुकको सबैभन्दा पुरानो लोकतन्त्रवादी दल नेपाली कांग्रेसले भर्खरै सम्पन्न महासमितिको बैठकबाट दलित सम्बन्धी केही महत्वपूर्ण निर्णयहरु लिएको छ । पार्टी र राज्यका संरचनामा दलित समुदायलाई समावेश गराउने कांग्रेसका नयाँ निर्णयले कांग्रेसप्रति आस्थावान दलितहरुमा नयाँ आशा र उत्साह पैदा गरेको छ । तथापि कांग्रेसका समावेशीकरण सम्बन्धी नयाँ नीति कति व्यवहारमा लागू हुन्छन् भन्ने कुराले नै दलित र कांग्रेसबीचको भावी दुरि र सम्बन्ध निर्धारण हुनेछ ।**

नयाँ संविधानमा समग्र देशवासीका निम्ति कस्तो संवैधानिक संरचना आवश्यक पर्छ भन्ने विषयमा पार्टीको दृष्टिकोण तयार गर्न नेपाली कांग्रेसले २०६५ भदौमा राज्य पुनरसंरचना सुझाव समिति गठन गरेको थियो । उक्त समितिको प्रतिवेदन कांग्रेस केन्द्रीय कार्यसमिति हुँदै २०६६ कातिक १५ देखि १७ गतेसम्म चलेको महासमितिको बैठकमा समेत पेश गरियो । कांग्रेसको महासमितिले बैठकले सोही प्रतिवेदनका आधारमा दलितका निम्ति तल उल्लेखित व्यवस्था गर्ने निर्णय समेत लिएको छ ।

- प्रतिवेदनको दफा २ मा विशेष क्षेत्रको व्यवस्था गरी आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्रको विकास गर्न स्थापना गरिने भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र हुने भनिएको छ
- राज्य पुर्नसंरचना समितिको परिमार्जित प्रस्तावमा नेपाललाई १६ वटा संघीय प्रदेशहरुमा विभाजन गरिएको छ । प्रस्तावमा ११२ जना प्रत्यक्ष र ११३ जना समानुपातिक निर्वाचनवाट चुनिने गरी कुल २२५ जना केन्द्रीय व्यवस्थापिका संसदहरूको व्यवस्था गरिएको छ भने प्रादेशिक संसदमा प्रत्यक्ष निर्वाचनवाट ३१४ र समानुपातिक निर्वाचनबाट ३१९ समेत गरी जम्मा ६३३ जनाको प्रदेशिक व्यवस्थापिका संसदको संवैधानिक व्यवस्था गर्ने प्रस्ताव गरिएको छ ।
- प्रस्तावको दफा ४.४ मा नेपाली कांग्रेसले प्रत्येक प्रदेशवाट केन्द्रीय व्यवस्थापिकाको प्रत्यक्ष निर्वाचन क्षेत्रहरुबाट न्यूनतम एउटा निर्वाचन क्षेत्र र प्रादेशिक व्यवस्थापिकाको प्रत्येक निर्वाचन क्षेत्र मध्येबाट न्यूनतम २ वटा निर्वाचन क्षेत्र दलितका लागि मात्र सुरक्षित गर्ने प्रस्ताव गरेको छ । यसले संवैधानिक मान्यता पाएमा १६ प्रदेशबाट कम्तीमा १६ जना दलित सांसद केन्द्रीय व्यवस्थापिकामा पुग्नेछन् । प्रत्यक्ष निर्वाचन तर्फको प्रस्तावित ११२ वटा कुल सिटमा १६ जना जना निर्वाचित भनेको १४ प्रतिशत हुन्छ । यस बुँदामा नेपाली कांग्रेसले अग्रगामी पहल गर्न लागेको देखिन्छ ।
- संविधानसभाको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिमा नेपाली कांग्रेसले दलितको स्थिति अत्यन्त नाजुक भएकोले तिनको विकासको लागि छुटै व्यवस्था गर्ने अनिवार्य भएको मत राखेको छ ।

**दलित समुदायको विकासका निम्ति राजनैतिक प्रतिनिधित्वका अतिरिक्त शिक्षा, स्वास्थ्य र रोजगारी सम्बन्धी संवैधानिक र कानुनी अधिकार सुनिश्चित हुनुपर्छ ।**




- प्रत्येक नियुक्तिमा समावेशी /समानुपातिक सिद्धान्त अंगाल्नै पर्छ र कानुनले तोकेको योग्यता भएका व्यक्तिमध्येबाट समावेशी /समानुपतिक छनौट हुनैपछै पर्छ भन्ने मत नेपाली कांग्रेसले न्याय प्रणाली सम्बन्धी समितिमा राखेको छ ।
- संविधानसभा अन्तर्गतको संवैधानिक निकायको संरचना निर्धारण समितिमा नेपाली कांग्रेसले संवैधानिक दलित आयोगको व्यवस्था हुनु पर्ने मत राखेको छ । यसैगरी मानव अधिकार आयोगलाई समावेशी आयोग बनाउने संवैधानिक व्यवस्था गरिनुपर्ने नेपाली कांग्रेसको जोड छ ।
- कांग्रेसको महासमिति बैठकले पारित गरेको पार्टीको विधानमा पनि ८५ जनाको केन्द्रीय कार्यसमितिमा ६ सिट दलितको लागि सुरक्षित गरेको छ । संसोधित विधानअनुसार कम्तीमा ७ प्रतिशत सिट दलितलाई सुरक्षित गर्नुले नेपाली कांग्रेसमा समावेशीको अवधारणभित्र दलितले महत्व पाएको बुझिन्छ । त्यस्तै विधानमा विद्यमान २४० वटा निर्वाचन क्षेत्रमध्ये प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा १ जना महाधिवेशन प्रतिनिधिका साथै वडा, गाँउ, नगर, क्षेत्र तथा जिल्ला कार्य समितिमा दलितको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरेको छ ।
- नेपाली कांग्रेसका नेताहरूको भनाइमा दलित समुदायको विकासका निम्ति राजनैतिक प्रतिनिधित्वका अतिरिक्त शिक्षा, स्वास्थ्य र रोजगारी सम्बन्धी संवैधानिक र कानुनी अधिकार सुनिश्चित हुनुपर्छ । दलित समुदायका निम्ति राजनितिक आर्थिक र सामाजिक अधिकार व्यवस्थित गर्न संरचनागत र कार्यक्रमगत दुवै तहको अग्रसरता जरुरी देखिन्छ । यो काम गैरभौगोलिक संरचना मार्फत गर्न सकिन्छ र राष्ट्रिय तथा प्रादेशिक आयोगमार्फत पनि गर्न सकिन्छ ।

**विश्लेषण** समितिका प्रतिवेदनमा दलित अधिकार

# पीडकबाट क्षतिपूर्ति भराउनु उचित



■ सरोजदिलु विश्वकर्मा

**सभासद लीला न्याईच्याईले प्रस्ताव गरेको गम्भीर प्रकृतिको अपराधमा मृत्युदण्डसम्मको सजाय हुनुपर्ने कुरा मौलिक अधिकार समितिले अस्वीकार गर्नुहुन्नथ्यो । किनकि मौलिक अधिकार वारम्वार हनन् गर्नेलाई निरुत्साहित गर्न पनि मृत्युदण्डको प्रस्ताव उचित देखिन्छ ।**

संविधानसभाको राष्ट्रिय हित संरक्षण समितिको प्रारम्भिक मस्यौदा छात्रछात्राले थेसिसमा बढी अंक ल्याउन धेरै सामग्री थुपारे जस्तो मोटो छ । तर उक्त मस्यौदाले अबको राष्ट्रिय हितको संरक्षणको संरचना कस्तो हुनुपर्दछ भन्ने खाका दिन सकेको छैन । तैपनि विगतको अवस्था र अन्तर्राष्ट्रिय जगत्मा रहेका प्रावधान खोतल्ने प्रयास भने प्रशस्त गरिएको छ ।

मौलिक अधिकार समितिले पेश गरेको प्रतिवेदनमा मौलिक अधिकारको विस्तृत व्याख्या उल्लेख गरिएको छ । त्यसमा छुवाछूतको भेदभाव अपराध गम्भीर अपराध हो भन्न खोजिएको छ । साथै भेदभाव र छुवाछूत भएमा पीडितले क्षतिपूर्ति पाउने उल्लेख भएको छ । तर यो क्षतिपूर्ति राज्यबाट भन्दा पीडकबाट भराउँदा फेरि अपराध गर्न जो सुकैले दुई पटक सोँच्न बाध्य हुनुपर्छ । त्यसैले 'क्षतिपूर्ति पाउने' भन्दा 'पीडकबाट क्षतिपूर्ति भराउने' प्रस्ताव मौलिक अधिकार समितिको मस्यौदामा थप्नु उचित हुन्छ । यसैको धारा २ मा सभासद् लीला न्याईचयाईले प्रस्ताव गरेको गम्भीर प्रकृतिको अपराधमा मृत्युदण्डसम्मको सजाय हुनुपर्ने कुरा समितिले अस्वीकार गर्नुहुन्नथ्यो । किनकी मौलिक अधिकारको वारम्वार हनन गर्नेलाई निरुत्साहित गर्न पनि न्याईचयाईको प्रावधान उचित देखिन्छ । नत्रभने नेताले जनता मराइरहनेछन् जो सुकैले मानिस मार्न छूट पाउँछ । तर जनताले त्यस्ता अपराधीलाई सजाय दिनसक्ने छैनन् ।

उक्त प्रतिवेदनको सम्पतिको हकमा कांग्रेस र नेमकिपाका सभासद्को मत बाझिएको छ । कांग्रेसले सम्पत्ति आर्जनमा सीमा तोक्न नहुने भनेको छ भने एमाले, माओवादी, नेमकिपाले सम्पतिमा हदवन्दी लागू गर्नुपर्ने भनेको छ । यस मुताविक सम्पति आर्जनको प्रावधानलाई २०४७ को संविधानबाट जस्ताको तस्तै सारेर राखिएको देखिन्छ । जवकि कानुनको अधिनमा रही सम्पति आर्जन गर्न पाइने भनिएकै कारणले यो अवधिमा धनि र गरीबबीचको खाडल गहिरिदै गएको छ ।

मौलिक हक अन्तर्गत शिक्षाको हकमा माध्यमिक शिक्षासम्म अनिवार्य र नि:शुल्क हुने तर विपन्न वर्गका लागि उच्च शिक्षासम्मै नि:शुल्क व्यवस्था गरिनु पनि दलितका सन्दर्भमा सकारात्मक कुरा हो । धारा २५ को दलितसम्बन्धी हकमा भने आरक्षणको बारेमा बोलिएको छैन र यसको सट्टामा 'सकारात्मक विभेदको आधारमा विशेष अवसर दिने' भनिएको छ, जुन थोत्रो सन्दर्भ हो, यसले दलितका निम्ति निश्चित कोटा सुनिश्चित गर्दैन । यस्तो सकारात्मक विभेदमा नेता वा पार्टीका मानिसहरूले बढी अवसर पाउने सम्भावना रहन्छ । प्रतिवेदनमा भूमिको हकमा विशेषत: जनजातिको पक्ष लिइएको देखिन्छ । जबकि सबैभन्दा बढी भूमिविहीन दलितहरू हुन्,




दलितको लागि भूमि कस्तो हुने भन्ने विषयमा प्रतिवेदन स्पष्ट छैन । मौलिक अधिकार समितिको यो प्रतिवेदनमा उल्लेख भएको सबैभन्दा सह्रानीय पक्ष भनेको यी हकहरुको कार्यान्वयनको सन्दर्भमा राज्यले २ वर्षभित्र कानुन बनाई लागू गर्नुपर्ने व्यवस्था छ । नीति बनेर कानुन नबनेमा नागरिकले राज्यविरुद्ध मुद्दा लड्न सक्छन् । यसमा अदालतले परामादेश जारी गरी राज्यलाई कानुन बनाउन बाध्य पार्न सक्छ । आजसम्म जति नीति बने पनि कानुनको अभावमा ती कार्यान्वयन हुन सकिरहेका छैनन् । तथापि, २ वर्षको अवधि भनेको लामो हो । यसलाई अझ ६ महिना वा एकवर्षमा झार्नु मनासिव देखिन्छ । त्यसैगरी मौलिक अधिकार प्राप्तीका लागि मुद्दाको किसिम अनुसार अदालतले चाडोभन्दा चाँडो फैसला गर्ने अवधि निर्धारण गरिनु आवश्यक देखिन्छ । नागरिकताको हक सम्बन्धमा सभासद गगन थापाले प्रस्ताव गरेजस्तै नागरिकले चाहेको नाम, थर र वंशजको आधारमा नागकिता दिंदाँ, दलितले बढी राहत पाउने देखिन्छ । जातका आधारमा दलितहरू जति हीनतावोधमा बसेका छन्, यस्तो व्यवस्था भएमा हीनताबोध कम भएर जानेछ ।

दलितमुखी देखिनैका लागि जवर्जस्त समानुपातिक शब्द मस्यौदामा धेरै ठाउँमा राख्न खोजिएको छ जवकि नयाँ नेपालमा पियनदेखि राष्ट्रपतिसम्म समानुपातिक खोज्नु उचित हुनसक्दैन । त्यसैले समरुपी सिद्धान्तका आधारमा समावेशी व्यवस्था गरिनु उचित हुन्छ । यो भनेको आधारभूत तहमा समानुपातिक, उपल्लो तहमा निश्चित कोटासहितको आरक्षण र अति सीमित संख्या हुनेहरुका निम्ति सकारात्मक विभेदको समावेशी रणनीति अपनाइने व्यवस्था हो ।

प्राकृतिक श्रोत, आर्थिक तथा राजश्व बाँडफाँड समितिमा भूमिको हदवन्दी लागू गर्नेमा सहमति हुन सकेको छैन । यसले सामन्तहरुलाई अझ संरक्षण गरेको छ । तर समावेशी र समतामूलक समाजसहितको नयाँ नेपाल निर्माण गर्ने हो भने हदवन्दी लागू गरी वैज्ञानिक तरिकाले भूमिको पुन:वितरण हुनै पर्दछ । नत्र जमिन हुनेले दिन दुई गुणा र रात चार गुणा विकास गरिरहन्छ भने नहुनेले लुटेर वा मारेर जीविकोपार्जन गर्नुपर्ने वाध्यता निम्तिन्छ, यसले भविष्यमा हुने ठूलो द्वन्द्व सृजना हुन्छ । त्यसैले विना उत्पादन जमिन ओगट्ने अथवा व्यापार व्यवसायका लागि जमिन कब्जा गरेर सन्तान दरसन्तानका लागि साँच्नेलाई राज्यले प्रोत्साहन दिनुहुन्न । त्यसैगरी आर्थिक अधिकारमा प्रत्येक वर्षको वजेटमा दलितका लागि यति खर्च गर्ने भनी निर्धारण हुने व्यवस्था भए वेहत्तर । दलितका लागि तय भएको बजेट, गरिबी निवारण कोष वा स्थानीय विकास मन्त्रालय मातहतमा नभई योजना आयोगअन्तर्गत दलित विकास कोष खडा गरी खर्च गर्दा दलितले यसबाट प्रत्यक्ष फाइदा लिन सक्दछन् ।

व्यवस्थापकीय अंग निर्धारण समितिको मस्यौदाले उल्लेख गरेको राष्ट्रियसभाको औचित्य पुष्टि हुन सकेको छैन । कार्यकर्ता कज्याउने संरचनाले राज्यको ढुकुटीमा व्ययभार थपिन्छ । उक्त मस्यौदामा 'दलित लगायतका समूहलाई समानुपातिक ढंगले कानुन बनाई उमेदवार बनाउनु पर्ने' भन्ने प्रावधान राखिएको छ, जसबाट दलित समुदाय आशावादी हुनसक्छ ।

# सदन र सडकबाट आन्दोलन हुन्छ

**एनेकपा माओवादीनिकट दलित मुक्ति मोर्चाका अध्यक्ष तिलक परियार हालै गठन भएको राजनीतिक दलका दलित संघ/संगठनको साझा संयन्त्रका संयोजक बनेका छन् । दलहरुबीच सहमतिका आधारमा नयाँ सयन्त्र बनेपछि दलितका सवालहरु आगामी संविधानमा समेट्न सजिलो हुने आशा पलाएको छ । प्रस्तुत छ, सभासद्समेत रहेका परियारसँग *दलित निगरानी*ले समसामयिक विषयमा गरेको कुराकानी ।**



**तिलक परियार**

**अध्यक्ष, नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा**

**तपाई राजनीतिक दलित संघ/संगठनहरुद्वारा गठित संयन्त्रको संयोजक बन्नुभएको छ, अब के गर्नुहुन्छ ?**

दलित संघ संगठनको संयोजकको जिम्मेवारी सँधैको लागि नभएर सबै संगठनले यो जिम्मेवारी पाउने गरी चक्रिय प्रणालीमा आधारित छ, त्यही आधारमा मैले अहिले संयोजकको भूमिका निर्वाह गरीरहेको छु। संयोजकको नाताले सकभर साझा सवालमा सबै दलित समुदायका संघ/संगठन, मिडिया, नागरिक समाजलाई एकीकृत गरेर अघि बढ्ने प्रयास गर्छु। नयाँ संविधान निर्माणमा सबैको सहभागिता र हक अधिकार सुनिश्चत गर्ने पहल गर्नेछु । तीनवटा मुख्य पार्टीसित सम्बन्धित दलित संघ/संगठन, जो लामो समयदेखि सक्रिय छन्, उनीहरूसँगको संयन्त्र बन्नु भनेको दलित आन्दोलनको लागि शुभ संकेत हो। नयाँ संबिधानमा दलितहरूको अधिकार सुनिश्चत गराउन बाटो खुलेको छ। त्यसका साथै ५० जना दलित सभासद्को पनि साझा मञ्च खडा भइसकेको छ, यी सबै राम्रा संकेत हुन्।

**संयन्त्रले २० बुँदे साझा सहमति सार्वजनिक गरेको छ, ती सहमति लागू गर्न अब कसरी अघि बढ्नुहुन्छ ?**

यसका लागि बैठक बस्दैछौं, कार्यान्वयनको दिशामा थप निर्णयहरू गर्छौं, राजनीतिक दलका प्रमुखलाई भेटेर हाम्रा साझा सहमति बुझाउने अनि दबाब दिने काम हुन्छ। संबिधानमा हाम्रा कुरा सुनिश्चत गर्ने दिशामा थप कार्यक्रम तय गरिनेछ।

**विगतमा पनि यस्तै प्रकारका साझा संयन्त्र गठन भएका थिए, तर ती स्थायी र प्रभावकारी हुन नसकेको गुनासो सुन्ने गरिन्छ, नयाँ संयन्त्र पुराना भन्दा कसरी फरक हुन्छ ?**

आशा गरौं, त्यस्तो नहोस्। यो संयन्त्रलाई गतिशील र अर्थपूर्ण बनाउन दलित संघ/संगठनहरूमा रहेको 'मेरो गोरुको बाहै टक्का' प्रवृत्ति निरुत्साहित गर्ने सोंचमा छौं।

**साझा संयन्त्रबाट दलितका मुद्दाहरू सम्बोधन हुने सम्भवाना कतिको छ ?**

दलितहरूको हक अधिकार र क्षतिपूर्ति अनि समानुपातिक प्रतिनिधित्व नैसर्गिक अधिकारको पाटो हो। लामो समयदेखि दलित समुदायले उत्पीडन र क्षति बेहोर्नु परेकोले यो वर्गको थप अधिकार सुनिश्चत हुनुपर्छ। सम्पूर्ण अङ्ग र निकायमा दलितहरूले बेहोरेको क्षति आगामी संविधानबाट पूर्ति हुनुपर्छ भन्ने कुरामा हामीले जोड दिएका छौं। यसमा साझा सहमति कायम गरिएको छ। संविधानसभाका विषयगत समिति, सभा अध्यक्ष र राजनीतिक दललाई भेटेर दलित समुदायका साझा मुद्दालाई संविधानमा समावेश गराउन दबाब दिइन्छ।

**विभिन्न दलका दलितहरू सहभागी साझा संयन्त्रको भविष्य र भूमिका प्रभावकारी हुने आधार के छन् ?**

यो स्थायी होइन। स्थायी हुनको लागि वैचारिक एकता चाहिन्छ। साझा सवालमा एकता कायम गर्न सकिन्छ तर स्थायी संयन्त्र बनाउन सकिदैन। नयाँ संविधान नबन्दासम्म एकता र सहमति गरेर अघि बढ्नु उचित ठानेर संयन्त्रका माध्यमबाट अघि बढ्न खोजिएको हो। यो तरिकाले अघि बढिएन भने नयाँ संविधानमा दलितको अधिकार लेख्न संभव छैन।

**तपाईहरूको आगामी कार्यक्रमको स्वरुप कस्तो हुन्छ ?**

सडक र सदनबाट शान्तिपूर्ण तरिकाले आफ्ना मागहरू उठाउँछौं। सडक र सदन दुवै ठाउँबाट संघर्ष गर्छौं। यसबाट हाम्रा मागहरू संबोधन गर्न सकिन्छ भन्ने लाग्छ। यसको अतिरिक्त पार्टीभित्र वैचारिक संघर्ष चलाउन जरुरी छ। पार्टीले ह्वीप जारी गऱ्यो भने कहाँ दलितको समस्या संबोधन गर्न सकिन्छ र ! दलितहरू एक्लैको दुई तिहाई बहुमत नभएका कारणले पनि पार्टीभित्र वैचारिक संघर्ष गररै जान्छौं।

**मधेशी, जनजातिको जस्तो सशक्त आन्दोलन नहुँदा दलित पछि परे भन्ने कथनमा कत्तिको सत्यता छ ?**

दलित आन्दोलनलाई लागेको यो आरोप ठीक हुन सक्छ। सशक्त रुपमा दलित आन्दोलन उठ्न नसकेको सत्य हो। तर कतिपय दलित संगठनले नेपालको सिंङ्गो क्रान्ति र आन्दोलनमा पुऱ्याएको भूमिकाको अवमूल्यन गर्न मिल्दैन। माओवादी आन्दोलनमा सयौं दलितले बलिदान दिएका छन्। तथापि दलितको संयुक्त आन्दोलन उठ्न नसक्नुको पछाडि दलित समुदाय भावनात्मक रुपमा एक हुन नसक्नु हो। दलित, मधेशी र जनजातिको आन्दोलन उस्तै होइन। उनीहरूको राष्ट्रियतासम्बन्धी आन्दोलन हो, भाषिक आन्दोलन हो। मधेशमा क्षेत्रीय भावनाबाट आन्दोलन उत्तेजित गर्न सकिन्थ्यो। तर, त्यो खालको माग हाम्रो होइन। हाम्रो उत्पीडकसँग नै जातीय/भाषिक सम्बन्ध रहेकोले त्यो रुपमा आन्दोलन गर्न सकिएन। दलित आन्दोलन भनेको वर्गीय आन्दोलनको जातीय रुप हो। राज्यसत्ता जुन वर्गको हातमा छ, त्यो वर्गको दलितमाथिको विभेद उन्मूलन गर्न चाहँदैनन्।

# ‘दलहरू झुट बोल्दा रहेछन्’

**सँगै खेल्ने साथीहरुले खाने बेलामा छोइन्छ, अलग्गै बस् भन्थे, ठालुको घरमा चार माना धानको भरमा दिनभरि बनी गर्नुपर्थ्यो । गाउँमा जनावर मरेपछि चमारले अनिवार्य रुपमा फाल्नु पर्ने नियम थियो । माथिल्ला जातका महिलाहरू सुत्केरी हुँदा चमार महिलाले सुत्केरीको स्याहार गर्नुपर्थ्यो । यस्तो काम गरेबापत सुत्केरीको जडौरी दिइन्थ्यो । समाजमा दलित समुदायमाथि हुने यस्ता शोषण दमन सप्तरी मलहन्वा-५ की ४४ वर्षीया सभासद् रामरति रामलाई मन परेको थिएन । त्यहीकारण उनीभित्र सानैदेखि दलितमाथिको ज्यादती विरुद्ध लाग्ने भावना पैदा भइरहेको थियो ।**

रामरति समाजमा विद्यमान जातीय भेदभावले मात्र पीडित थिइनन्, उनी लैंगिक भेदभावको पनि शिकार भएकी थिइन्। छोरी भएकोले उनी शिक्षाको अधिकारबाट वञ्चित भइन्। आफ्नै दाजु-भाइ पढेर शिक्षक बनिसक्दा उनले विद्यालयमा पाइला समेत टेक्न पाइनन्। 'छोरीले पढ्नुहुन्न भन्ने चलन थियो, दाजु मास्टर हुनुभयो तर मैले बिवाहअघि स्कूल देख्न पाइन, पछि प्रौढ कक्षा पढेकी हुँ', रामरतिले विगत सम्झिदै भनिन्।

दलित, गरिब र महिला भएका कारण रामरतिले भोगेका समस्याको चाङ निकै लामो छ। तर आफूमाथिको उत्पीडनलाई समाप्त पार्ने अभियानमा निरन्तर लागिरहेकी थिइन्। दलितमाथिको उत्पीडन उनलाई राजनीति र संघर्षको बाटो रोजाउने कारण थिए। सामाजिक मान्यताकै कारण १३ बर्षको उमेरमा रामरतिको बालविवाह भएको थियो। १७ वर्षको उमेरदेखि पराई घरमा भित्रिएकी रामरतिको जीवनमा बिभेदका नयाँ शृंखलाहरु थपिदै गएका थिए।

रामरतिका पिता र दाजु एमालेका कार्यकर्ता थिए। परिवारमा हुने राजनीतिक छलफल उनी चासोका साथ सुन्थिन्। त्यसबाट उनलाई मनमनै राजनीतिमा लाग्ने अठोट बढेको थियो। तर समाजमा महिला राजनीतिमा लाग्नु हुन्न भन्ने मानसिकताका कारण उनी सहज रुपमा राजनीतिमा लाग्न पाइनन्। त्यसैले उनी विवाहपछि राजनीतिमा सक्रिय भइन्। सिराहाका उनका पति टुहुरा र सुकुम्वासी थिए।

एमालको गरिव, भूमिहीन र सुकुम्वासी मुक्तिको नाराले उनलाई एमालेको राजनीतिप्रति आकर्षित गऱ्यो र २०५२ सालदेखि एमालेमा सक्रिय हुँदै गइन्। उनको राजनीतिक यात्रामा प्रेरणा दिनेहरुमा एमालेका स्थानीय नेता मावेन कमायत, राजेन्द्र चौधरी र राजेन्द्र साह थिए। पति र परिवारको सहयोगले राजनीति रामरतिका लागि अनुकूल बन्दै गयो।

गाउँका सामन्तहरुले दलितहरुलाई विभिन्न प्रकारका यातना दिने गर्थे। उनी राजनीतिमा लागेकोमा समाजले राम्रो मानेको थिएन। 'महिला भएर राजनीतिमा लाग्ने भन्थे', उनले भनिन्। त्यतिखेर'चमार समाज रविदास' गठन भइसकेको थियो। जतिखेर सिराहामा हरवा, चरुवा, सिनो, ढोल बजाउने जस्ता शोषणमूलक प्रथा व्याप्त थिए। यसैको परिणाम २०५४ सालमा 'सिनो वहिष्कार आन्दोलन' शुरु भयो। यो आन्दोलनकी उनी योद्धा थिइन्। 'सिनो वहिष्कार आन्दोलन' पछि चमारमाथि कुटपिट, नाकावन्दी लगाउने कृत्य आरम्भ भए तर त्यसको सामना गरे दलितहरुले। सिराहाको आन्दोलनका कारण दलित आन्दोलन राष्ट्रिय रुपमा स्थापित भएको उनको दाबी छ। 'तराईमा सिनो आन्दोलन चलेपछि दलित आन्दोलन देशव्यापी रुपमा परिचत भयो'उनको कथन छ।

चमार आन्दोलनको सफलतासँगै उनको राजनीतिक जीवनले पनि सफलता पाउँदै गयो। उनी २०५४ सालको स्थानीय निर्वाचनमा वडाध्यक्षमा मनोनित भइन्। वडाअध्यक्ष निर्वाचित भएपछि कथित माथिल्ला जातिका केही व्यक्तिले



उनलाई मरणासन्न हुने गरी पिटे। 'चमारलाई कसरी वडाअध्यक्ष भनेर नमस्कार गर्ने? यसलाई वडाअध्यक्ष बस्न दिनुहुन्न भनेर गैरदलितहरुले मलाई धेरै पिटे, 'उनले आफूमाथिको अन्यायको स्मरण गरिन्। कुरा त्यतिमा सीमित रहेन। उनी वडाअध्यक्ष बनेपछि, चमार बस्तीमा तीन दिनसम्म नाकावन्दी लगाई चमाहरुलाई कुटपिट गरियो। सुकुम्वासी दलितहरुको झुपडी बाहेक जग्गाको नाममा केही थिएन। नाकाबन्दीको असर थाम्न नसकी रामरतिले राजनीति नगर्ने भन्ने सर्तमा नाकाबन्दी खुलाइन्। 'बस्तीलाई बन्धक बनाइएकोले त्यसलाई समाधान गर्न सही त गरें तर मनमा राजनीति गर्ने अठोट कायमै थियो' उनले भनिन्।

वडा अध्यक्ष बनेपछि उनी स्थानीय भूमि अधिकार मंञ्चमार्फत 'भूमि अधिकार आन्दोलन'मा सक्रिय बनिन्। यो आन्दोलन तराईमा सशक्त बनेको थियो। मानव अधिकारवादी संस्था इन्सेकमार्फत गाउँघरमा भएका मानवअधिकार उल्लंङ्घनको घटनाको जिम्मेवारी रामरतिले सम्हालेकी थिइन्। त्यसपछि चाहिँ उनले 'महिला मानव अधिकार रक्षक' सस्थाको सदस्य भएर काम गरिन्।

उनी २०६२ सालमा नेकपा एमालेको सिराहा जिल्ला कमिटी सदस्य, २०६१ सालमा नेपाली उत्पीडित जातीय मुक्ति समाजको सदस्य, २०६२ मा अखिल नेपाल महिला संघको केन्द्रीय सदस्य भइन्। यसअघि २०५४ सालमा महिला महासंघको केन्द्रीय सदस्य थिइन् उनी। निरन्तर सक्रियताकै कारण एमालले उनलाई संविधानसभाको चुनावमा समानुपातिक उम्मेदवार बनायो।

सभासद् बनेपछि आफ्नो जिम्मेवारी बढेको सुनाउँछिन् उनी। राजनीतिक नाराले संघर्षमा होमिएकी रामरतिलाई राजनीतिक पार्टीको नारा र व्यवहार फरक भएकोमा दुःख लागेको छ। उनी भन्छिन्, 'नारा र भाषण जस्तो व्यवहार पाइन, दलले झूट बोले जस्तो लाग्छ'। राजनीतिक पार्टी दलितको मुद्दामा संवेदनशील नभएको उनको ठम्याइ छ। त्यसैले दलितहरु आफै एकजुट भएर संविधानमा आफ्नो हक सुनिश्चित गर्न अग्रसर हुनु आवश्यक रहेको रामरतिको जोड छ। माओवादी सरकारले दलितको एमबीबीएस कोटा १५ प्रतिशतबाट ९ प्रतिशतमा झरेपछि दलित सभासद्ले दलितको अधिकारको लागि सबै दलित जुट्नु पर्ने पाठ सिकेको उनको ठम्याइ छ।

दलित भातृ संगठनहरूले आफ्नो पार्टीमा पनि दलित अधिकार सुनिश्चत गर्न दबाब दिनुपर्ने उनको धारणा छ। 'यो देशमा सबै भन्दा पछि परेको समुदाय दलित हो, उनीहरुका लागि आवास, भूमिहीनलाई भूमि, शिक्षा, स्वास्थ्य सहित राज्यका सम्पूर्ण निकायमा दलित आरक्षण हुनुपर्छ' उनले भनिन्।

दलित भएकै कारण धेरै उत्पीडिन खेपेकी उनलाई यतिखेर दलितको पक्षमा संबिधान बन्छ कि बन्दैन भन्ने चिन्ता छ। 'दलितको माग पूरा हुन्छ कि हुँदैन, भूमिहीन, सुकुम्वासी दलितहरुको समस्या कसरी समाधान गर्ने भन्नेमा मेरा ध्यान छ,' उनले चासो राख्दै भनिन्। ६ महिने प्रौढ शिक्षाकै भरमा अक्षर चिनेकी रामरति फुर्सदको समयमा संविधानसभाका विभिन्न समितिका मस्यौदाहरु अध्ययन गरेको बताउँछिन्। 'उनले समाजमा पुऱ्याएको योगदान वापत प्रंशसा पत्र, पुरस्कार र सम्मान-पत्र पाएकी छन्। प्रकाश मानवअधिकार बर्ष पुरस्कार २०६२ पाइसकेकी छन्।